परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक २० २०७७ मंसिर २८ गते आईतवार Sunday 13, DEC, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## पाँच लाखमा बलात्कार घटना मिलाउने आधा दर्जन पक्राउ



विराटनगर । पाँचल लाख रुपिया लिएर बलात्कार जस्तो जघन्य अपराध मिलापत्र गराउने आधा दर्जन गाउँका अगुवा मानिसहरुलाई प्रहरीले पक्राउ गरेका छन् ।

जिल्ला मोरङ धनपालथानमा भएको बलात्कारको एउटा घटनालाई पाँच लाख रुपैयाँ दिने सर्तमा मिलापत्र गराउनेमध्येका ६ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

गत भदौ २४ गते मोरङको धनपालथान गाँउपालिका वडा नं. ५ स्थित धान खेतमा पुर्याएर २१ वर्षीया युवतीमाथि बेलबारी नगरपालिका वडा नं ८ का ३३ वर्षीय सुरेशकुमार खवासले बलात्कार गरेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले घटनापछि मंसिर १९ गते घटनाका आरोपी सुरेशकुमारलाई रंगेली बजारबाट पक्राउ गरेको थियो । सोही घटनालाई लिएर पीडित पक्षलाई पाँच लाख रुपैयाँसहित मिलापत्र गराउने कार्यमा संलग्न ६ जना गाउँलेहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा रंगेली नगरपालिका वडा नं. १ का ६७ वर्षीय जगत नारायण खवास, धनपालथान गाँउपालिका वडा नं. ५ का ६५ वर्षीय धनेशु खवास, ६२ वर्षीय मागन खवास र कलकनु खवास, ५३ वर्षीय सुधारसिंह खवास र बेलबारी नगरपालिका वडा नं. ८ का ५३ बर्षिय मथालु खवास रहेकाछन् ।

पक्राउ परेकाहरुले पीडित पक्षलाई गाँउमै पुगेर सो रकमको प्रलोभन दिएर मिलापत्रको कागज गराएको मोरङ प्रहरीका प्रवक्ता

## असमानतासँग जोडिएको मुद्दालाई प्राथमिकतामा : मन्त्री

विराटनगर । असमानतासँग जोडिएका मुद्धालाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने अवस्था भएको प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले वताउनु भएको छ ।

नेपालको सन्दर्भमा मानव अधिकार स्वास्थ्य उपचार, महिला अधिकार, महिला हिंसा, बालविवाहसँग जोडिएको वहांको भनाई थियो ।

मानव अधिकार सञ्जाल विराटनगर र महिला मानव अधिकार रक्षक सञ्जालले ७२ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा विराटनगरमा आयोजना गरेको कार्यक्रममा मन्त्री घिमिरेले सो कुरा बताउनुभएको हो ।

पञ्चायतकालमा मानव अधिकारलाई राजनीतिक अधिकार को अंगका रुपमा लिने गरिएको स्मरण गर्दै परिवर्तनकारी ले मानव अधिकारलाई राजनीतिक अधिकार सँग जोडेर उपयोग गर्न खोज्ने र सत्तापक्षले सत्ता विरोधि राजनीति गरेको अर्थमा बुझ्ने गर्थे ।' बहुदल हुँदै लोकतन्त्रसम्म आईपुग्दा मानव

वांकी अन्तिम पेजमा...

## केशलिया सडक खण्ड निर्माणको माग गर्दै सडकमै धर्ना

विराटनगर । विराटनगर महानगरपालिका-६ र ११ जोड्ने केशलीया मार्ग निर्माणको माग गर्दै स्थानीय बासिन्दा बुधबार सडकमै धर्नामा बसेका थिए ।

लामो समयदेखि सडक बनाउने काम अवरुद्ध भएको र सडकको दुवैतर्फ विराटनगर महानगरपालिकाले सडक पेटी खाली गराएर अलपत्र छाड्दा दिनानुदिन जोखिम बढ्दै गएको भन्दै स्थानीय अगुवाहरु विराटनगरको भट्टी मोड नजिक धर्नामा बसेका थिए ।

सुनसरीको दक्षिण सीमावर्ती ग्रामीण बस्तीको विराटनगर जोड्ने प्रमुख खण्डको रुपमा रहेको उक्त सडक निर्माणमा राज्यले चासो नदिएको गुनासो स्थानीयको छ । स्थानीयहरुले आज , भोलि र पर्सि भन्दाभन्दै आखिर मा कहिले केशलीया रोड बनाउने भन्दै सडकमै धर्ना दिएका हुन् ।

यत्रतत्र, केशलीया मार्ग अलपत्र भन्दै स्थानीयहरुले प्रदर्शन पनि गरेका छन् । नगरपालिकाको पहलमा केही मर्मत भए पनि त्यसपछि सडक निर्माणको लागि विगत ५ वर्षदेखि कुनै पहल नभएको

वांकी अन्तिम पेजमा...

## हत्या गरेका शिक्षकको शव परिवारको जिम्मामा

विराटनगर । मोरङको मिक्लाजुङमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले सुराकीको आरोप लगाउँदै हत्या गरिएका शिक्षक राजेन्द्रकुमार श्रेष्ठको शव परिवारले जिम्मा लिएका छन् ।

श्रेष्ठको शव आफन्त र परिवारका सदस्यले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टम गरिएपछि आफन्तले बुझेका थिए । मिक्लाजुङ गाउँपालिका वडा नं. १ बर्खे घर भएका स्थानीय सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक ५४ वर्षीय श्रेष्ठको बर्बरतापूर्ण ढंगले हत्या गरिएको थियो ।

घरैबाट अपहरण गरेर लग्दै आधा घण्टा परको जंगलमा पुर्याएपछि आफ्नै नियन्त्रणमा राखेर 'विप्लव' समूहले श्रेष्ठको हत्या गरेको हो । हात बाँधेर घाँटी रेट्दै विभत्स तवरबाट मारेर फ्यालेको अवस्थामा शव भेटिएको थियो । 'विप्लव' समूहले विज्ञप्ति सार्वजनिक गर्दै विगतको सशस्त्र युद्धकै झल्को दिने घटनाको जिम्मा लिएको छ ।

मिक्लाजुङको उत्तरी क्षेत्र अति नै दुर्गम र विकट रहेकाले सुरक्षाकर्मीको पहुँच पुग्न नसक्दा आफ्ना गतिविधी सञ्चालनदेखि संरचना तयार र विस्तार गर्दै सो घटना गराउन विप्लव समूहलाई सहज भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

यसैबीच शिक्षक श्रेष्ठको हत्या भएपछि मोरङको मिक्लाजुङ र आसपासको क्षेत्रमा नेपाल तथा सशस्त्र प्रहरीको संयुक्त टोलीले घटनामा संलग्नको खोजी तीव्र पारिएको जनाएको छ । घटनास्थललाई चारैतिरबाट घेरा हालेर सर्च गर्दै हत्या गर्नेको खोजी थाल्न प्रदेश १ प्रहरी प्रमुख डीआईजी ईश्वरबाबु कार्कीले निर्देशन दिनु भएको छ । हत्यामा संलग्नको खोजी र पहिचानका लागि प्रदेश प्रहरी कार्यालयबाट पनि विशेष टोली खटाएको छ ।

विप्लव समूहले व्यक्ति हत्याको सृङ्खला सुरु गरेसँगै पछिल्लो घटनाले थप हिंसा बढाएर लैजानसक्ने विश्लेषण सुरक्षा निकायको छ । शिक्षक श्रेष्ठको हत्यापछि मिक्लाजुङ शोकमा डुबेको छ । गाउँमा विकास प्रेमी, समाजसेवी र शैक्षिक उन्नयनकर्ता भनेर चिनिने उनको हत्याले सबैलाई मर्माहत भएको छ । शिक्षक श्रेष्ठको हत्यालाई प्रदेश १ सरकारले

वांकी अन्तिम पेजमा...

## क्वारेन्टिन कार्यालय मोरंगको सूचना

*विरुवा तथा विरुवा जन्यउपजहरुको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले विरुवा संरक्षण ऐन २०६४ तथा विरुवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता विरुवाहरु तथा विरुवा जन्य उपजहरुको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।*

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## हत्या...

अपराधिक, अमानवीय र निन्दनीय घटना भनेको छ ।

प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले विज्ञप्ति जारी गर्दै घटनाको प्रभावकारी अनुसन्धान थालिएको जानकारी दिनु भयो । प्रदेश प्रहरी कार्यालय, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), विभिन्न सुरक्षा निकाय र अनुसन्धान टोलीलाई घटनास्थलमा खटाइसकिएको विज्ञप्तिमा उल्लेख गरेको छ ।

## असमानतासंग..

अधिकारको क्रियाकलापहरु परिवर्तन हुँदै गएको मन्त्रीको भनाई थियो ।

त्यसैगरी सोही कार्यक्रममा विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले अहिले मानव अधिकार उल्लंघनका घटनाहरु धेरै भईरहेपनि राज्य निरिह भएर बसेको आरोप लगाउँदै मानव अधिकार रक्षाका लागि सवै एकजुट हुन आवस्यक रहेकोमा जोड दिनुभएको थियो ।

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष सुवोधराज प्याकुरेलले देशमा लोकतन्त्र र जनताको हातमा सार्वभौमसत्ता आउँदा हत्या आतंक बढ्ने गरेको वताउँदै लोकतन्त्रमा हत्या र आतंक किन बढ्छ भनि प्रश्न गर्नुभएको थियो ।

सोही अवसरमा विराटनगरका दुई मानवअधिकारकर्मीलाई सम्मानित गरिएको छ । लामो समयदेखि मानव अधिकारको क्षेत्रमा योगदान पुर्याएका मणिकुमार अर्ज्याल र विष्णु शर्मा पन्तलाई प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरे, विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली र प्रदेश योजना आयोगका उपाध्यक्ष सुवोधराज प्याकुरेलले सम्मानित गर्नु भएको थियो ।

सञ्जालले हरेक वर्ष दिवसका अवसरमा २ जना मानवअधिकार कर्मीलाई सम्मानित गर्दै आएको महिला मानवअधिकार रक्षक सञ्जालकी प्रदेश संयोजक मन्जिता उपाध्यायले जानकारी गराएका थिए ।

## केशलिया..

विराटनगर वडा नं ६ का स्थानीय सन्तोष साहले बताए । निर्माण नहुँदा सडकमा दुर्घटनाको जोखिम बढेपछि निर्माणका लागि दबाब दिन आन्दोलन थालिएको उहाँको भनाइ छ ।

सडक निर्माण नहुँदा धेरै समस्या भोग्नु परेको स्थानीय व्यापारी प्रदीप कर्णले बताए । गाउँगाउँसम्मै सरकार पुगे पनि निर्माण नहुँदा सडकको हालत भने झन् खराब बनेर गएको उहाँको भनाइ छ । स्थानीय गणेश साहले सडकका कारण सर्वसाधारणले धेरै सास्ती बेहोर्नु परेको र जनता जोखिममा परेको गुनासो गर्नुभयो ।

हुलाकी राजमार्ग अन्तर्गतको सप्तरी-झापा खण्ड हेर्ने आयोजना प्रमुख दीपेन्द्र पाण्डेले विराटनगरको भट्टी मार्गदेखि तीन किलोमिटर पश्चिमबाट मात्र आयोजनाको काम अघि बढ्ने जानकारी दिनुभयो ।

# बालात्कार मुद्दा लागेका सिद्धबाबालाई अदालतबाट सफाई



विराटनगर , बलात्कार सम्बन्धी मुद्दामा विवादास्पद धर्मगुरु सिद्धबाबा भनिने कृष्णबहादुर गिरीलाई जिल्ला अदालत सुनसरीले सफाइ दिएको छ , आज न्यायाधीश अर्जुनप्रसाद कोइरालाको इजलासले सरकारको अभियोग दाबी नठहर्ने उल्लेख गर्दै गिरीलाई सफाइ दिएको हो ,

जिल्ला अदालत सुनसरीका श्रेस्तेदार नगेन्द्रकेशरी पोखरेलले सिद्धबाबाले सफाइ पाउने ठहर भएको जानकारी दिनुभयो ।

सरकारी वकिलले पेशी सार्न दिएको निवेदनको बेवास्ता गर्दै सोमबार नै सिद्धबाबाको मुद्धामा सुनुवाई गरिएको थियो , सरकारी वकिल कार्यालयले भने महान्यायाधि वक्ता कार्यालयमा पठाएको मिसिल आइनसकेको र यसअघि सिद्धबाबाको वकिल हेर्ने सरकारी वकिल सरुवा भएकाले सोमबारको पेशी सार्न माग गरेको थियो , तर न्यायाधीश कोइरालाको इजलासले पेसी नसर्ने भन्दै सुनुवाई अघि बढाएको थियो ।

पेसी सार्ने पत्र दर्ता नभएपछि सरकारी वकिलको कार्यालय भने सोमबार बहस गर्न गएको थिएन , एक अनुयायीले आफूलाई सिद्धबाबाले बलात्कार गरेको भनी जाहेरी दिएपछि सिद्धबाबा अनुसन्धानमा तानिएका थिए ,

# विभिन्न स्थानबाट लागु औषध सहित ५ पक्राउ

बिराटनगर । मोरङ र सुनसरीका बिभिन्न स्थानबाट नियन्त्रीत लागुऔषध सहित ५ जना पक्राउ परेका छन् । मंलवार ईलाका प्रहरी कार्यालय रङगेलीबाट खटिएको प्रहरी टोलीले २ जनालाई तथा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले ३ जनालाई लागुऔषध सहित पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय रङगेलीबाट खटिएको प्रहरी टोलीले रङगेली बसपार्कबाट मंगलवारे सुनवर्सी नगरपालिका वडा नं. ९ का २४ बर्षीय कुन्दन सहनी र १९ बर्षीय आदर्श दासलाई लागुऔषध नाईट्राभेट १ हजार २ सय ट्याब्लेट सहित पक्राउ गरेको हो ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले ईटहरी उपमहानगरपालिका वडा नं. ९ बाट भारतिय नागरीक ओम प्रकाश यादवलाई ट्रमाडोल हाइडरो कोलोराईड ८ हजार क्याप्सुल, नाईट्राभेट-१० लेखिएको लागुऔषध १ हजार ६ सय ६० क्याप्सुल र १०० एमएलको टलानोकफ ३० वोतल सहित पक्राउ गरेको थियो ।

यस्तै ईटहरी उपमहानगर पालिका वडा नं. १३ खनारबाट मोरङको जहदा गाउँपालिका वडा नं. ४ का ३७ बर्षीय उमेश कुमार मण्डललाई ट्रमाडाल ३ सय ६० क्याप्सुल र स्पाइन १ सय ८८ ट्यावलेट लागुऔषध सहित पक्राउ गरेको थियो ।

त्यस्तै ईटहरी उपमहानगर पालिका वडा नं. ८ का १९ बर्षीय सनम बस्नेतलाई ईटहरी उपमहानगर पालिका वडा ६ बाट लागुऔषध ट्रमाडोल हाईडरोक्लोराईड ४ हजार ५ सय क्याप्सुल सहित पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ । पक्राउ परेका सबै उपर थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कार वाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**

सड्कमा लैगिंक हिंन्साको रोकथाम :
तीनै तहका सरकारले निर्माण गरौं नयाँ आयाम

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग




## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

## कहिले आउँछ कोरोनाको खोप ?

विश्वभरीलाई नै तवाह गराउने कोरोना भाईरस विरुद्धको खोप निर्माण गर्नै धेरै देशहरु प्रयासमा लागि रहेका छन् भने कतिपय धनाढ्य मूलुकहरुले कोरोना भईरस विरुद्धको खोपहरु लगाउन पनि शुरु गरि सकेको अवस्था छ। खास गरी वेलायत, रुस लगायतका देशहरुमा कोरोना भाईरस विरुद्धको खोपलाई सरकारले स्वीकृति दिई सकेकोछ। विकसीत देशहरुले कोरोना विरुद्धको खोप धमाधम लगाई रहेको छ। तर गरीब, अल्पविकसीत र विकासोन्मुख देशहरुमा ती धनाढय मुलुकहरुले कहिले पालो दिने हो त्यसको कुनै पतो छैन । त्यसमा पनि नेपाल जस्तो दुई ढुगाको तरुलको देश कोरोना विरुद्धको खोप कुन देशवाट ल्याउने भन्ने समेत निर्णण गर्न सकेका छैन । त्यो खोप ल्याउन पनि सरकारले कमीसनको खेलन नगर्ला भन्न सकिन्न किन कि रोकोना रोकथाममा धेरै चलखेल भई सकौ अवस्था छ। नेपालमा खोप ल्याउन हाल सम्म कुनै पनि तयारी भएको गरेको देखिदैन। त्यसैले नेपालमा कहिले सम्म कोरोनाको खोप आउँछ त्यसको जवाफ सरकार संग छैन ।

कोरोना भइरसको उद्गम स्थल चाइनाको वाहङ्ग नै हो चाईनाले आफ्नो देशमा कोरोनालाई कन्ट्रोल गरि सकेको छ। तर नेपालमा भएका कम्युनिष्ट सरकारले भारतलाई गाली गर्ने चाईनाको चाकडी गर्ने भए तापनि चाईनालो नेपालमा सत्ता समालेका कम्युनिष्ट सरकारले कोरोनाको खोप उपलब्ध गराएको छैन भने कोरोनावाट बच्नका लागि मूल मन्त्र समेत दिएको छैन। त्यसैले नेपाली उखानमा भनिएको छ घुमिफिरी रुमजाटा भन्न उखानलाई सार्थक वनाउनदै भारतमा बन्दै गरेको कोरोना भाइरस विरुद्धको खोप नै तुलनात्मक रुपमा सस्तो र नेपाली जनतालाई स्वाहुँदो भएकोले नेपाल सरकार भारतवाट नै खोप ल्याउन मनिस्थितिमा रहेको जनाकारहरुको भनाई छ। भारतमा निर्माण हुन लागेको कोरोना विरुद्धको खोप अक्सफोर्ड वायोएनटेक कम्पनी लगायत अन्य दुई कम्पनीहरुले निर्माण गर्न लागेका छन्। सो खोप उत्पादन भई बजारमा आई सकेको छैन्। भारतमा उत्पादीत खोप पनि नेपाल कहिले आउने हो त्यसको कुनै टुगो छैन ।

नेपाल सरकारले तथ्यांकमा कोरोना संक्रमण कम देखेर कोरोना प्रति वेवास्ता गरेको जस्तो देखिन्छ। तर नेपालमा कोरोना कम भएको होईन भूसको आगो झै गाउँ-गाउँ, टोलटोलमा फैलिएर भैवाह रुपमा लिन सक्ने तर्फ पनि नेपाल सरकारले विचार पुऱ्याउन आवश्यक छ। नेपाल सरकारलाई विशेषज्ञहरु वेला वेलामा होसियार गर्दै आएको छ। त्यसैले नेपाल सरकारले वित्तीय व्यवस्थापन शुनिश्चितता गरी सरकारले खोप ल्याउन तयारी गर्नु पर्दछ। संचार मध्यमहरुवाट सरकारले कोरोना विरुद्धको खोप खरीद गर्न सुरसार गरेपनि त्यसको भण्डारण कसरी गर्ने, त्यसको वितरण कसरी गर्ने लगायतको व्यवस्था गरी जहांवाट भएपनि नेपाली जनताले कोरोनाको खोप पाउनु पर्ने र सरकारले जसरी भएपनि कोरोनाको खोप आयात गरी नेपाली जनतालाई कोरोनाको कहरवाट बचाउन आवश्यक रहेको छ।

## राजावादी जुलुसका ६ संकेत

**अरुण बराल**

पछिल्लो साता विभिन्न शहरमा निस्किएका राजावादीको जुलुसले नेपालमा राजतन्त्र पुनःस्थापनाको सम्भावना छ कि छैन भन्ने प्रश्न जबरजस्ती जन्माउन खोजेको छ।

काठमाडौं, चितवन, झापा, नेपालगञ्जलगायत देशका केही प्रमुख शहरमा राजावादीहरुले योजनावद्ध जुलुस निकालेपछि 'राजतन्त्र फर्कने सम्भावना छ कि छैन ?' भन्ने झिनो बहसको सुरुवात भएको छ।

गणतन्त्रवादीहरुको दाबी छ- अब नेपालमा कुनै पनि हालतमा राजतन्त्र फर्कन सक्दैन। राजावादीहरुको दाबी छ- एकदिन न एकदिन नेपालमा राजतन्त्र फर्कन्छ र गणतन्त्र समाप्त हुन्छ।

नयाँ संविधान बनेपछि सम्पन्न पहिलो आम निर्वाचनमा झण्डै दुईतिहाई बहुमत पाएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) आन्तरिक किचलोमा फसेर जनतामा दिनानुदिन अलोकप्रिय बनिरहेको छ। सरकारमाथिको यही 'फ्रस्टेसन' लाई पुँजीकृत गर्न राजावादीहरुले सक्रियता बढाएका छन्।

राजावादी जुलुसका संकेतहरु

राजावादीहरुको जुलुसलाई केही हुँदै होइन भन्न मिल्दैन। यसले केही न केही राजनीतिक संकेत गरेकै छ। राजावादीको प्रदर्शनका केही संकेत र केही सीमाहरु छन्, जसलाई यहाँ बुँदागतरुपमा विश्लेषण गर्ने प्रयास गरिएको छ -

अब कुशासनका कारण ओलीको जनाधार कमजोर हुन थालेको छ र यही मौका छोपेर दक्षिणपन्थी-राष्ट्रवादले गुँड बनाउन र अण्डा कोरल्न सुरु गरेको छ। यस अर्थमा अब वाम-लोकतान्त्रिक शक्तिहरु जति-जति कमजोर हुँदै जानेछन्, त्यति नै दक्षिणपन्थीहरु बलियो हुन थाल्ने सम्भावना देखिएको छ।

१. गणतन्त्रमा लुतो कन्याउन पाउनुपर्छ : गणतन्त्रमा लुतो कन्याउने अधिकार सबैले पाउनुपर्छ। लुतो कन्याउन पाउँदा जीऊ चिलाउने मान्छेलाई मज्जा आउँछ। त्यसैले संघीयता, गणतन्त्र, प्रजातन्त्र र संविधानकै विरुद्धमा सडकमा नाराहरु लागे पनि शान्तिपूर्ण प्रदर्शनमा सरकारले प्रतिबन्ध लगाउनुहुँदैन। राजावादीहरुको आवाजले निर्वाधरुपमा 'भेन्टिलेट' हुन पाउनुपर्छ।

राजावादीहरुले जसरी गणतन्त्र विरुद्ध राजतन्त्रका पक्षमा चिसो सडक तताइरहेका छन्, गणतन्त्रले उनीहरुलाई त्यसो गर्न दिन्छ। यो नै गणतन्त्रको सुन्दरता हो। त्यसैले, राजावादीहरुको आन्दोलनमाथि सरकारले दमन गर्नुहुँदैन। शान्तिपूर्ण आन्दोलन भयो भने त्यसमाथि राष्ट्रिय बहस हुनेछ र एउटा न एउटा तार्किक निश्कर्ष निस्कने छ।

२. दक्षिणपन्थी राजनीतिको स्पेस : राजावादीहरुको यो आन्दोलनले नेपालमा दक्षिणपन्थी राजनीतिको आकर्षण र स्पेसलाई सतहमा ल्याइदिएको छ। अब दक्षिणपन्थी राजनीतिक धारमा मानिसहरुको आकर्षण देखा पर्न सक्ने यसले संकेत गरेको छ।

०६२र०६३ को जनआन्दोलन यता नेपालको राजनीति वामपन्थी एवं 'लेफ्ट-सेन्ट्रिक' दिशातिर ढल्किएकै हो। नेपाली कांग्रेसले पनि आफूलाई परिवर्तनका एजेण्डाहरुतर्फ ढल्काएको अवस्थामा त्यहाँभित्रको दक्षिणपन्थी धार पनि कमजोर रहँदै आएको थियो। कांग्रेस र वामपन्थीहरुको प्रगतिशील कदमका कारण दक्षिणपन्थी धारको स्पेस खुम्चिँदै गएको थियो।

नेपालका राजावादीहरुसँग मूलतः तीन विशेषता देखिन्छन्- उनीहरुको इतिहास भारतविरोधी एवं राष्ट्रवादी भन्ने छ। उनीहरु धर्मसापेक्ष एवं हिन्दु राष्ट्रको वकालत गर्छन्। र, उनीहरु संघीय शासन प्रणालीको विरुद्धमा एकात्मक प्रणालीको वकालत गर्छन्। राजतन्त्रको अन्त्य भएपछि यी मुद्दा कांग्रेस र कम्युनिस्टले कब्जा गरेका कारण राजावादीहरुको स्पेस खुम्चिएको थियो।

नाकाबन्दीपछि केपी ओलीले राष्ट्रवादको एजेण्डा राजावादीहरुबाट खोसे। त्यसैगरी शशांक कोइरालाजस्ता कांग्रेसको एउटा तप्काले हिन्दु राष्ट्रको मुद्दा पनि साथमै राख्यो। पछिल्लो समय केपी ओलीले रामको जन्मभूमि लगायतका विषयमा हिन्दुवादी जनमतलाई आफ्नो नजिक ल्याउने प्रयास गरे।

तर, अब कुशासनका कारण ओलीको जनाधार कमजोर हुन थालेको छ र यही मौका छोपेर दक्षिणपन्थी-राष्ट्रवादले गुँड बनाउन र अण्डा कोरल्न सुरु गरेको छ। यस अर्थमा अब वाम-लोकतान्त्रिक शक्तिहरु जति-जति कमजोर हुँदै जानेछन्, त्यति नै दक्षिणपन्थीहरु बलियो हुन थाल्ने सम्भावना देखिएको छ। त्यसैले, हिजो कांग्रेस र कम्युनिष्टमा 'कोप्ट' भएका दक्षिणपन्थी राजनीतिक एजेण्डाहरु विस्तारै राजावादीतर्फ सर्ने सम्भावना बढ्न सक्छ। यस्तो अवस्थामा राजतन्त्र नै नफर्किएता पनि ०६२र०६३ को जनआन्दोलनले स्थापित गरेका परिवर्तनका राजनीतिक एजेण्डाहरुको अपहरण हुने सम्भावना बढ्न सक्छ।

३. मित्रशक्तिकै विरुद्ध आन्दोलन ? : रोचक दृश्यचाहिँ के देखिएको छ भने अहिले राजावादीहरुको आन्दोलन संविधानले स्थापित गरेका मान्यता (गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता) विरुद्ध केन्द्रित छन्। तर, सरकारको नेतृत्वमा चाहिँ राजावादीहरुकै अघोषित मित्र केपी शर्मा ओली छन्। किनभने, केपी ओली पनि दक्षिणपन्थीहरुजस्तै संघीयता, पहिचान र धर्म निरपेक्षताको मुद्दाप्रति खासै अभिरुची नभएका नेता हुन्। उनी राजावादीहरुप्रति नरम र हिन्दुधर्मप्रति खास रुची राख्ने नेता हुन्।

गत चुनावमा केपी ओलीले झापामा राप्रपा नेता राजेन्द्र लिङदेनको चुनाव क्षेत्रमा नेकपाको उम्मेदवारै नउठाई गठबन्धन गरेर राजावादीलाई जिताइदिएका थिए।

ओलीले सरकारको नेतृत्व गरिरहेका बेला परिवर्तनका एजेण्डाविरुद्ध दक्षिणपन्थीहरुले जुन आन्दोलन उठाउन खोजेका छन्, यसमा केपी ओली र राजावादीवीच 'अघोषित सहकार्य' को स्थिति उत्पन्न भयो भने अनौठो नमान्दा हुन्छ। किनभने, प्रधानमन्त्री ओलीले संकटकाल लगाएर भए पनि संसद विघटन गर्ने कुनै न कुनै बाहना खोजिरहेको अवस्था छ।

शायद केपी ओलीको यही रुझानका कारण सरकारले राजावादीहरुप्रति नरम नीति लिएको भन्दै नेकपा नेता जनार्दन शर्माले जारी स्थायी कमिटीको बैठकमा विशेष प्रस्ताव नै लगेका हुन्।

अहिले राजावादीहरुले ओली सरकारविरुद्ध आन्दोलन त थालेका छन्। तर, यो सडक आन्दोलनले कम्तिमा ओलीलाई हटायो भने अर्को बन्ने सरकारमा गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताप्रति अझ बढी प्रतिवद्ध नेतृत्व स्थापित हुन सक्छ। त्यसले राजावादीलाई कुनै फाइदा हुँदैन।

४. कार्यनीतिको विरोधाभाष : राजावादीहरुसँग संघीय गणतन्त्रात्मक व्यवस्थालाई ढालेर राजतन्त्र स्थापना गर्ने दुईवटा उपाय छन्। एउटा- सडकबाटै आन्दोलन गरेर बलपूर्वक राजतन्त्र स्थापित गर्ने। अर्को- आम निर्वाचनबाट दुईतिहाई बहुमत हासिल गरेर संविधान परिवर्तन गर्ने।

अब नेपालमा राजतन्त्र फर्केलार नफर्केला भनेर बहस गर्नुपूर्व 'पारस शाहका श्रीमती र छोरा आऊ देश बचाउ' भनिरहेको नेपाली समाजको चेतनास्तरमाथि नै एकपटक मनोसामाजिक बहस र परामर्शको खाँचो देखिन्छ।

पहिलो बाटो भनेको विद्रोहको बाटो हो। यो बाटोमा हिँड्दा हिंसात्मक विद्रोह, सैन्य 'कु' वा ठूलो पैमानाको आन्दोलनसम्म जानुपर्ने हुन्छ। तर, काठमाडौं लगायतका ठूला शहरमा ५०र६० हजार वा एक लाखको जुलुस निकाल्दैमा सत्ता ढल्दैन भन्ने तथ्यलाई विगतमा माधव नेपाल प्रधानमन्त्री भएका बेला माओवादीले गरेको चक्रपथ घेराऊले स्पष्ट पारिसकेको छ।

त्यसर्थ, यो आन्दोलनको बाटो जोखिमपूर्ण बाटो हो। गृहयुद्ध र लामो संक्रमणकालबाट थिलथिलो बनेको देशले तत्कालै यस्तो विद्रोह वा प्रतिक्रान्ति थेग्न सक्दैन। त्यसैले राजावादीहरुले यो हिउँदमा लाखौंको प्रदर्शन गरिहाले भने पनि सडकको प्रेसरले राजतन्त्र स्थापना भइहाल्ने देखिँदैन। त्यस्तो आन्दोलनले सरकारसम्म ढल्न सक्ला, तर व्यवस्था नै चाहिँ तत्कालै ढल्न सक्ने देखिँदैन। कांग्रेस, नेकपा र मधेसवादी दलहरु आपसमा जति बाझे पनि गणतन्त्रको पक्षमा एक मत रहँदासम्म स-साना जुलुसले सत्तापलट सम्भव देखिँदैन।

राजावादीसँग रहेको दोस्रो वैधानिक बाटो भनेको चुनावमा दुईतिहाई सीट जितेर संविधान संशोधन गर्ने हो। आम चुनावबाट श्रेष्ठता कायम गरेर राजतन्त्र फर्काउने बाटोका लागि चाहिँ अहिलेको आन्दोलनले केही जनमत बनाउन राजावादीहरुलाई मद्दत पुऱ्याउन सक्छ। अहिलेको सरकारबाट निराश भएका मतदाताहरु अनि राजाका पालाका

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।



## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# क्वारेन्टाइनको सिफारिस नभएको गोरु पक्राउ



विराटनगर । भारतसंग सिमानाका जोडिएका विभिन्न ठाउँहरुवाट भई रहेको गाई र गोरु तस्करीमा प्रहरीले ठूलो परिणाममा गाई र गोरोहरु पक्राउ गरेको छ ।

खासगरी जहदा, धनपालथान गाउँपालिका र रंगेली, सुनवर्सी नगरपालिकाको नोचा, खैरवना, सोराभाग, आमतोला, सिकटी, डाईनियाँ भएर नियमित रुपमा गाई र गोरुहरु तस्करी हुने गरेको सूचनाका आधारमा गाईगोरुहरु पक्राउ गरिएको थियो ।

मंसिर २२ गते सोमवारका दिन जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं. १ गडेरीया चोक स्थितमा नेपालबाट भारततर्फ भन्सार छलि अबैध रुपमा गाई गोरु लगि रहेको गोप्य सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङ र ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको संयुक्त प्रहरी टोलीले गाई २९ वटा, बाछी १ वटा, गोरु १५ वटा र बाछा २ वटा गरी जम्मा ४७ वटा गाई गोरु समातेका हुन् ।

(भेटनरी क्वारेटाइनको सिफारिस नभएको) अन्दाजी मुल्य रू. ५ लाख २१ हजार बराबरको गाईगोरु नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको थियो ।

# माछा बरामद गरी नष्ट

सुनसरी । भारतको जोगवनी नाका भएर कर छली गरी ल्याएको माछा बरामद गरी प्रहरीले नष्ट गरेको छ ।

मंसिर २२ गते जिल्ला सुनसरी बर्जु गाउँपालिका वडा नं. ३ बस्ने बर्ष २६ को दिपक राम र बर्ष १८ को रोहित कुमार राम समेतले भारतको जोगवनीबाट अवैध रूपमा भन्सार छली चोरी पैठारी गरी २ वटा सिलिभरको भाँडोमा ८० केजी अन्दाजी २४ हजार बराबरको मुगरी जातको माछा लुकाई छिपाई ल्याउदै गरेको अवस्थामा पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका वडा नं. १२ बखरी बगैचा बाट बरामद गरी जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी निरीक्षक, सुवेदार मेजर लगायत स्थानिय मानिस समेतको रोहवरमा उक्त माछा नष्ट गरिएको थियो ।

# लागु औषध सहित दुई पक्राउ



रंगेली । अबैद्ध रुपमा लागु औधषको कारोवार गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंसिर २३ गते मंगलवारका दिन जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. वडा नं. ७ बस पार्क स्थित पुर्ववाट पश्चिम तर्फ जाँदै गरेको को ३३ प २०६२ नम्बरको अपाची मोटरसाईकललाई ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा मोटरसाईकलको दाहिने साईडको लेगार्डमा कालो प्लाष्टिकको झोलामा झुण्डाई ल्याएको अवैध लागु औषध फेला परेको थियो ।

फेलापरेका लागु औषधहरुका नाइट्राभेट १० (४० पत्ता) १ हजार २ सय गोट्टी फेला पारी मोटरसाईकल चालक जिल्ला मोरङ सुनवर्सी नगरपालिका वडा नं. वडा नं ९ बस्ने वर्ष २४ को कुन्दन सहनी र सोही मोटरसाईकलको पछाडी सवार सुनवर्षी नगरपालिका वडा नं. ९ बस्ने वर्ष १९ को आर्दश दास समेत लाई पक्राउ गरिएको थियो ।

पक्राउ गरिएको दुवैजनालाई ईलाका प्रहरी कार्यालय रंगेलीमा ल्याई थप अनुसन्धान कार्य भई रहेको प्रहरीले जनाएको छ ।

# व्यवस्थाप्रति नै वितृष्ण बढ्ने जोखिम

प्रमनारायण भूसाल

केही दिनदेखि सडकमा राष्ट्रिय झन्डासहितका जुलुस देखिन थालेका छन् । विगतदेखि नै छिटपुटरुपमा देशका विभिन्न भागमा यस्ता प्रदर्शनहरु हुनेगरेका भए पनि कोरोना महामारीले ग्रस्त पारेको बेलामा बुटवलमा भएको प्रदर्शनबाट देशभर एक किसिमको लहर चल्यो । यस प्रदर्शनलाई अहिलेको गणतान्त्रिक शासन व्यवस्थाप्रतिको जनताको अविश्वास भनी अर्थ्याउने प्रयास एकातिर भएको छ भने अर्कोतिर ‘जुन जोगी आए पनि कानै चिरे’का भने झैं सत्तामा जुनसुकै पार्टीका मानिस आए पनि आफ्नै स्वार्थसिद्धिमा मात्र संलग्न भएकाले जनतामा बढ्दै गएको निराशाको अभिव्यक्तिका रूपमा बुझ्न थालिएको छ ।

प्रदर्शनमा जनघनत्व बढाउन ‘हिन्दु राष्ट्र’को मागले मुख्य भूमिका खेलेको छ भने सत्ताको खेलमा चुर्लुम्म भएका, जनताप्रति अनुत्तरदायी नेतृत्वप्रतिको वितृष्णाको आक्रोश साङ्केतिक रुपमा ‘राजा आऊ देश बचाऊ’ नाराका रुपमा उद्घोष भएको देखिन्छ । यसको तात्पर्य विगतको जस्तो राजतन्त्रको कामना पटक्कै होइन । बरु अहिले भएका राजनीतिक शक्तिहरु काम लाग्ने भएनन् यिनीहरुको विकल्प चाहियो वा यिनमा आमूल सुधार चाहियो भन्ने हो ।

संघीय गणतन्त्र स्थापना गर्न जनताले गरेको आन्दोलनको सफलता, जनताले नै संविधान बनाउने लामो समयदेखिको सपना साकार भएको अवस्था, अस्थिर सरकारका कारणले आजित भएका नागरिकले पूर्ण बहुमतीय स्थिर सरकारका कार्यकालमा देशले काँचुली फेर्ने सपना पालेको समयमा सत्तासीन व्यक्तिका अपरिपक्व र लाचार गतिविधिले जनतामा वितृष्णाको पारो चरम बिन्दुमा पुगेपछि त्यही वितृष्णा र आक्रोशको अभिव्यक्तिका रूपमा अहिलेको सडक आन्दोलन देखापरेको हो ।

लामो समयको जनताको त्याग, बलिदान र सङ्घर्षको उपज अहिलेको शासन व्यवस्थाबाट जनताले निकै अपेक्षा गरेका थिए । बाह्र वर्षसम्मको त्रासद माओवादी हिंसाले जन्माएको विभीषिका र तत्कालीन राजा ज्ञानेन्द्रबाट दलहरुमाथि लगाइएको अंकुश तथा अनुदार एवं जनभावना विरोधी व्यक्तिहरुलाई मन्त्रिपरिषद्मा राखेर निरंकुशताको छाया व्याप्त पार्ने कदमबाट दुई विपरीत शक्तिहरु (संसदीय र माओवादी) सहकार्य गर्ने अवस्थामा पुगेकैले नेपालबाट राजतन्त्रको बहिर्गमन भएको हो ।

हत्याहिंसाबाट आजित भएका जनताले देशभित्रको हिंसा साम्य भयो भने शान्ति र विकासको ढोका खुल्छ भन्ने ठानेर त्यतिखेर माओवादीलाई जनमतसमेत दिएका थिए । संविधान बनाउने खेलमा लामो समयसम्म देशलाई अस्थिरताको बन्दी गराएपछि जनतामा एक किसिमको निराशा देखिन थालेको थियो । सुशील कोइरालाको प्रधानमन्त्रीत्वमा बाहिरी दबाबलाई बेवास्ता गर्दै संविधान घोषणा भएपछि भारतको चित्तदुखाइ उत्कर्षमा पुग्यो र नेपाललाई झुकाउने उद्देश्यका साथ नाकाबन्दीजस्तो निकृष्ट कार्यमा समेत उद्यत देखियो ।

सत्ताबाहिर बसेर क्रान्तिकारी, राष्ट्रवादी र भारतविरोधी कुरा गरेका कारण वर्तमान प्रधानमन्त्री केपी ओली त्यतिखेर राष्ट्रवादी र असल पात्रका रूपमा चिनिन पुगे । माओवादीका लागि अस्तित्व रक्षाको प्रश्न र एमालेका लागि सत्ताबाहिर बस्नुपर्दाको पीडाको छटपटीले एक फरक किसिमको समीकरण अर्थात् पार्टी एकताको अभूतपूर्व रन्को ल्याइदियो । परिणामस्वरूप लगभग दुई तिहाई बहुमतसहितको शक्तिका रुपमा नेकपा स्थापित हुन पुग्यो ।

हरेक पटक फुटको इतिहास भएका पार्टी एकापसमा जुटेर अगाडि बढ्दा देशभित्र अब मिलेर काम गर्ने बेला भयो भन्ने सन्देश प्रवाहित भएको थियो । संयुक्त र कमजोर सरकार भएका कारण पटकपटक सरकार बनाउने र गिराउने खेलले नेपाली राजनीतिलाई आजित बनाएको अवस्थामा एउटै पार्टीको स्पष्ट बहुमतको सरकार बनाउने मताधिकार दिएर जनताले समृद्धिको बाटो खुल्ने अपेक्षा गरेका थिए ।

तर, सरकार गुटगत फाइदा हुने काममा मात्र संलग्न हुन थाल्यो । जनता बिचल्लीमा परेको समयमा सत्तासीन नेताहरु विभिन्न आर्थिक विचलनका गतिविधिमा संलग्न भएका समाचार प्रकाशित हुन थाले । महामारीले जनतालाई आक्रान्त पारेको अवस्थामा सरकारमा बसेका मानिसहरु सङ्कटलाई कमाउने अवसरका रूपमा परिणत गर्न थाले । यसले गर्दा जनताको धैर्यको बाँध फुट्नै थालेको थियो ।

सत्तारुढ दलभित्रको अन्तरद्वन्द्वका कारणले गर्दा सरकारले महामारीबाट प्रभावित जनताका जीविका र उद्योगधन्दाहरुलाई जीवन दिने योजनाका लार्गि समय नै छुट्याउन सकेन । यसैले राष्ट्रको शिक्षा नीतिलाई प्रभावकारी पार्ने र जनतालाई सहुलियतका कार्यक्रमहरु दिने दिशामा केही पनि काम हुन सकेनन् । आन्तरिक किचलोमा रुमल्लिएको सरकारले जनताका लागि उल्लेख्य कुनै पनि काम गर्न नसकेका तर हरेक दिन तिनै नेता फुटेका र आन्तरिक झगडामा लिप्त भएका समाचार सुन्नुपर्दा जनतामा समग्र व्यवस्थाप्रति नै वितृष्णा सिर्जना हुन थालेको हो ।

यही समयमा पार्टीभित्रको विवाद मिलाइदिनका लागि कहिले उत्तरी र कहिले दक्षिणी छिमेकी राष्ट्रका राजदूतहरूको दौडधुपले राष्ट्रिय स्वाधीनतामाथि खुला आक्रमण भएको महसुस हुन थाल्यो भने राष्ट्रपतिको पार्टी निरपेक्ष भूमिका देखिन सकेन । यी सबै कारणले

वांकी ४ पेजमा...


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १








# करिब तीन लाख मुल्य बराबरको लत्ताकपडा बरामद

विराटनगर । झापा र मोरङ जिल्लाको सिमानाका एरियाबाट अवैध रुपमा भन्सार छली गरी ल्याएका करिव तिन लाख मुल्य बराबरको लत्ता कपडाहरु बरामद गरिएको छ ।

विशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय काँकड भिट्टाबाट खटिएको प्रहरी गस्ती टोलीले भारतिय बजार पानीटंकीबाट खरिद गरी भन्सार छली गरेर ल्याएको १ लाख ४ हजार मुल्य बराबरको बिभिन्न आइटमका लत्ता कपडाहरु मेचीनगर नगरपालिका वडा नं. ७ सतिघट्टा एरियाबाट बरामद गरेको हो ।

त्यसै गरी जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले भन्सार छली ल्याएका २ लाख मुल्य बराबरको थर्मकोट बरामद गरेको छ ।

विशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका वडा नं १७ मटेरूवा बस्ने जसिम कुजराको घरबाट उक्त परिमाणको थर्मकोट फेला पारी बरामद गरेको हो ।

भारतिय बजार जोगबनीबाट लत्ता कपडा खरिद गरी भन्सार छली गरेर घरमा ल्याई भण्डार गरेर राखिएको भन्ने विशेष सुचना पाएपछि कुजराको घरमा खानतलासी गर्दा लुकाइ छिपाइ राखिएको अवस्थामा १ सय ४७ सेट थर्मकोट फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।



दुबै स्थानबाट बरामद गरिएको लत्ता कपडाहरु आवश्यक कारबाहीको लागी भन्सार कार्यालयमा बुझाई कानुनी कारबाही अगाडी बढाएको छ ।

## व्यवस्थाप्रति...

जनतामा बढेको वितृष्णा, असन्तोष र आक्रोशलाई आफ्नो अनुकूल बनाउन विभिन्न तत्त्वहरु सक्रिय हुन पुगे । यसैले राष्ट्रिय झन्डामुनि हिन्दूराष्ट्रका मागहरु घन्किन थाले । अनि बिस्तारै अरु सबै आशाका तन्तुहरु मरिसकेका जनता विश्वासिलो र दरिलो कुनै विकल्प नदेखेपछि 'राजा आऊ देश बचाऊ' भन्ने नारा लगाएर जनताप्रति अनुत्तरदायी जनप्रतिनिधिको विरोध गर्न विवश भए ।

बहुदलीय प्रजातान्त्रिक मुलुकमा सामान्यतया सत्तापक्षले राम्रो काम नगर्ने हो भने जनता विपक्षी दलसँग मिलेर आन्दोलन गर्ने र विपक्षी दललाई जनमत दिएर आवधिक निर्वाचनमा विजयी गराउने गर्छन् । यस्ता मुलुकमा राजनीतिक पार्टीमाथि सार्वभौमसत्तासम्पन्न जनताद्वारा हुने नियमन भनेकै आवधिक चुनावमा जिताउने वा हराउने भन्ने हो । सरकारका अकर्मण्यता र स्वेच्छाचारिताको निगरानी गर्न जनताले प्रमुख प्रतिपक्ष दलबाट आशा गरेका हुन्छन् । तर, सरकारी अनियमितता टुलुटुलु हेर्नेबाहेक अरु केही गर्न नसक्ने हो भने प्रतिपक्षीप्रति जनविश्वास हराउँदै जानेमात्र होइन प्रतिपक्षको औचित्य नै समाप्त हुन्छ ।

सत्तापक्षमात्र नभएर प्रतिपक्ष समेत आफ्नै पार्टीभित्रको अन्तर द्वन्द्वमा अल्मलिँदा जनजीविका, जनविश्वास र जनताका समस्यामा ढाडस दिने सारथिका रुपमा स्थापित हुन नसकेको यथार्थ सबैसामु छर्लङ्गै छ । पटकपटक विभिन्न किसिमका नियुक्ति र भागबन्डामा सहभागी भएका समाचार बाहिरिँदा सत्तामा हुने र सत्ताबाहिर बस्ने दुवैको अनुहार उस्तै देखिनु पनि अस्वाभाविक होइन ।

सत्तामा रहेका पार्टीले राम्रो काम नगर्दा प्रतिपक्षले सदन र सडक सबैतिरबाट त्यसको विरोध गर्नुपर्नेमा प्रतिपक्षविहीन सरकारको आभास हुनु प्रजात्रान्त्रिक व्यवस्था कमजोर हुनु हो । अर्को किसिमले भन्ने हो भने प्रतिपक्ष निदाएको अवस्थामा पुग्यो । सरकारले बाटो बिराउँदा सही बाटोमा आउन बाध्य पार्ने प्रतिपक्ष आफैँ थला परेपछि स्वेच्छाचारिताले उग्ररुप लिनु स्वाभाविकै हो ।

जनभावना बोलिदिने कोही पनि नभएपछि जनआक्रोश राष्ट्रिय झन्डामुनि एकत्रित हुन थालेको वर्तमान अवस्थामा यसलाई जो कोहीले पनि आफूअनुकूल प्रयोग गर्नसक्ने जोखिम बढेर गएको छ । सरकारी रवैयाको विरोधलाई राजावादीले आफ्नो पोल्टामा पार्ने प्रयास गर्नुलाई पनि अन्यथा भन्न सकिँदैन । राजनीति सम्भावना र अवसरको खेल हो ।

जनतामा वितृष्णा बढेको बेलामा जनआक्रोशका बलमा आफूलाई शक्तिसम्पन्न बनाउने प्रयास गर्नु जो कोहीका लागि स्वाभाविक अवसर बन्न सक्छ ।

राजावादीहरुले टाउको उठाउन थाले भनेर सरकार र प्रतिपक्ष आत्तिनुपर्ने अवस्था भने छैन । किनभने जनता स्वःस्फुर्त रुपमा राजतन्त्र स्थापना गरी राजाकै शासन व्यवस्था कायम गराउने उद्देश्यले सडकमा आएका होइनन् । राज संस्थाले सहीरुपमा काम गर्न नसक्दा र खराब सल्लाहकारको सहयोग लिई अगाडि बढ्दा जनताले धेरै पीडा र कष्ट भोगेका थिए । यसैले उनीहरु राजसंस्था ल्याएर राष्ट्रमा शान्ति, स्थायित्व र विकासले गति पाउँछ भन्नेमा पक्कै विश्वस्त छैनन् ।

तर, सरकारको विरोध गर्दै जाने क्रममा अरु विश्वसनीय वैकल्पिक आधार केही नभएकाले अवचेतन मनमा रहेको राज संस्था मुखरित हुन पुगेको मात्र हो । आन्दोलनलाई नियन्त्रण गर्न पनि राज्यले केही गर्नुपर्दैन । आफ्ना दम्भ र स्वार्थ छोडेर जनजीविका एवं जनसरोकारका विषयमा ध्यान केन्द्रित गरे पुग्थ्यो । तर सरकार यस्ता गतिविधिमा संलग्न हुनै चाहँदैन ।

केन्द्रदेखि स्थानीय तहसम्म पार्टी विभाजन र पार्टी द्वन्द्वका रापले आहत भएको सत्तारुढ दल र यसका कार्यकर्ता विभिन्न स्थानमा अन्य शक्तिको उपस्थितिलाई समेत निषेध गरेर अगाडि बढ्ने मानसिकता पुगेको विगत केही दिनदेखि प्रकाशमा आएका घटनाक्रमले देखाउँछ । आफ्नै पार्टीका नेता र असमान विचार राख्नेप्रति गरिएका असहिष्णु व्यवहारले झनै अराजकता र पद्धतिमाथि नै वितृष्णा बढाउँदै लगेको छ ।

यस्तो अवस्थामा प्रतिपक्षमाथि भर पर्न सक्ने आधार हुन्थ्यो र प्रतिपक्षले जनताकै पक्षमा काम गर्छ भन्ने विश्वास हुन्थ्यो भने यो जनउभार प्रतिपक्षसँगै सडकमा हुन्थ्यो । तर, सुतेको विपक्षी पार्टी जाग्ने सम्भावनै नदेखेपछि जनता नेतृत्वविहीन हुनपुगेका कारण राष्ट्रिय झन्डा लिएर हिँडेका हुन् ।

वैधानिक पार्टीप्रतिको वितृष्णा अझै बढ्दै जाने हो भने यस जनआक्रोशलाई अन्य तत्त्वले आफ्नो अनुकूल प्रयोग गर्न सक्ने जोखिम बढ्छ । यसले गर्दा बाह्रवर्षे द्वन्द्वबाट भर्खर बाहिर निस्किएको मुलुक भयङ्कर अन्तरद्वन्द्वमा फस्ने जोखिम रहन्छ ।

देशलाई यस विषम परिस्थितिबाट बचाउन सत्तारुढ दलले आन्तरिक द्वन्द्वलाई जतिसक्दो छिटो साम्य पार्नुपर्छ । आफ्ना स्वार्थका कारण देशलाई भँड्खालामा हाल्ने काम गर्नुहुँदैन । साथै सत्तामा भएका व्यक्तिहरुका बेथिति र निरङ्कुश व्यवहारलाई नियन्त्रण गर्ने भूमिका भएको प्रतिपक्षले सरकारले गरेका जनविरोधी र अदूरदर्शी कामहरूको आलोचना र विरोध गरी जनविश्वास जित्ने दिशामा अग्रसर हुनुपर्छ ।

सत्तापक्ष वा प्रतिपक्षमध्ये एकमात्र खराब भएको अवस्थामा जनताले सहजरूपमा विकल्प रोज्ने अवसर पाउँछन् । तर सत्तापक्ष र प्रतिपक्षमा खासै अन्तर नभेटेपछि जनताले तेस्रो शक्तिको कल्पना गर्न थाल्छन् चाहे त्यो शक्ति कामै नलग्ने किन नहोस् । अहिलेको सडक प्रदर्शनलाई जनताभित्र चुलिएको निराशा, कुण्ठा र असन्तोषको अभिव्यक्तिका रूपमा लिएर जनविश्वास जित्ने काममा सत्ता र प्रतिपक्ष संलग्न नहुने हो भने गणतन्त्रमाथि नै अविश्वासको बादल मडारिनेछ ।

व्यवस्थाप्रतिको वितृष्णाले जनता भड्किएपछि पुनः नियन्त्रणमा ल्याउन कठिन हुनेछ । यसका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय तत्त्वहरूले पुनः चलखेल गरी राष्ट्रय अस्थिरताबाट फाइदा लिने जोखिम बढेर जानेछ । यसैले अहिले देखिएको सडकको प्रदर्शन साम्य पार्न प्रहरी परिचालन तथा अन्य रणनीतिहरू आवश्यक पर्दैन । बरु सत्तारुढ दल आन्तरिक द्वन्द्वबाट बाहिर निस्किएर जनजीविकाका विषयमा काम गर्न अग्रसर हुनुपर्दछ ।

प्रतिपक्षले जनसरोकारका विषयहरूमा आवाज उठाउँदै आफूलाई थप मजबुत पार्दै पुनः जनविश्वास आर्जन गर्ने काममा सक्रियता देखाउनुपर्छ । यसो गर्न सकेमा सडकको जन उभार कसैको निहित स्वार्थमा प्रयोग हुने जोखिम हराउनेछ र पार्टी विशेष तथा पार्टीको नेतृत्व गर्ने व्यक्ति विशेष खराब भए पनि व्यवस्था खराब होइन भन्ने सिद्ध गर्नकै लागि पनि सत्तारुढ दल र प्रतिपक्ष अझ जिम्मेवार हुनुपर्ने बेला आएको छ ।

अस्थिर अवस्था लामो समयसम्म रहिरहने हो र अहिलेको आन्तरिक कलह बढ्दै जाने हो भने जनताको ठूलो बलिदानबाट प्राप्त उपलब्धिहरु गुमी अहिलेको व्यवस्था र जनताद्वारा निर्माण गरिएको संविधान असफल बन्न सक्छ ।

यसले देश अस्थिर बन्यो भने आर्थिक उन्नति, सामाजिक परिवर्तन र राजनीतिक शुद्धताका लागि फेरि दशकौंसम्म आन्तरिक किचलोमा रुमलिनुपर्ने अवस्था आउन सक्छ । अतः पार्टीभित्रका आन्तरिक किचलो र क्षणिक स्वार्थमा लिप्त हुन छोडेर समयमै सचेत बनी जनआकाङ्क्षालाई सम्बोधन गर्ने दिशामा हरेक पार्टीले आफ्नो भूमिका स्पष्टरुपमा निर्वाह गर्न कत्ति ढिलाइ गर्नुहुँदैन । बारहखरीबाट

# अन्तर जिल्ला सुरक्षा समन्वय बैठक सम्पन्न

बिराटनगर । १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको आयोजनामा बिराटनगरमा १ नं. प्रदेश अन्तर्गत तराईका तिन जिल्लाहरुको अन्तर जिल्ला सुरक्षा समन्वय बैठक कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा झापा, मोरङ र सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, नेपाल प्रहरी तथा शसस्त्र प्रहरी बल नेपालका जिल्ला प्रमुखहरुको उपस्थिति रहेको थियो ।

बर्तमान सुरक्षा अवस्था, सिमा अपराध, भन्सार चोरी निकासी लगायत विविध विषयहरुमा सहभागीहरु बिच अन्तरक्रियात्मक छलफल भएको थियो ।

उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारीहरु, १ नं. प्रदेश प्रहरी प्रमुख, सशस्त्र प्रहरी बल १ नं. बराह बाहिनीका निमित्त प्रमुख तथा संघिय प्रहरी ईकाई कार्यालय धरानका प्रमुखले आ-आफ्नो धारणा राख्नु भएको थियो ।

साथै बैठकले सिमा सुरक्षालाई व्यवस्थित तथा प्रभावकारी बनाउने, अन्तर जिल्ला सुरक्षालाई प्रभावकारी बनाई समन्वयात्मक ढंगले अगाडी बढ्ने र सिमा एरियाहरुमा हुने गैह्रकानूनी क्रियाकलापहरुलाई तिन वटै जिल्लाहरुको समन्वयमा प्रभावकारी रुपमा नियन्त्रण गर्ने निर्णय गरी बैठक सम्पन्न भएको थियो ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०






पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

## राजावादी...

नेता-कार्यकर्ताहरुलाई यो आन्दोलनले एक ठाउँमा डोलायमान बनाउन सक्छ । त्यसो भएमा अर्को चुनावमा राष्ट्रिय पार्टीमा रुपमा राजावादीहरुलाई यो आन्दोलनले बढुवा गर्नसम्म सक्छ ।

राजावादीहरुले अहिलेदेखि नै यसैगरी गतिविधिहरु गर्दै गए भने अर्को चुनावमा एकल बहुमतका साथ सत्तामै पुग्ने सम्भावना नै नभए पनि कांग्रेस र नेकपापछिको राष्ट्रिय पार्टीका रुपमा आफूलाई स्थापित गराउन सक्लान् कि ? विगतमा जस्तै राप्रपाले तेस्रो दल बनेर सत्तामा च्याँखे थाप्न सक्ला कि ? यो दोस्रो बाटोले राजावादीहरुलाई २०७९ सालमा हुने निर्वाचनमा हात लाग्ने बढीमा यत्ति मात्र हो । एकल सत्ता नै प्राप्त गर्ने हो भने उनीहरुले २०८४ सालको अर्को चुनावसम्म कुर्नुपर्ने हुन सक्छ । तर, त्यसबेलासम्म ज्ञानेन्द्र शाह र कमल थापा निकै बूढा भइसकेका हुनेछन् ।

अहिले आन्दोलनमा उत्रिएका राजावादीहरुसँग राजतन्त्र फर्काउनका लागि पहिलो बाटो हिँड्ने कि दोस्रो बाटो भन्ने यकिन छैन । कमल थापा दोस्रो बाटोको पक्षमा छन् भने कतिपय राजावादीहरु आजको भोलि नै राजतन्त्र फर्काइहालिन्छ भन्ने आवेगमा दौडिएका देखिन्छन् ।

अझ, राजावादीहरुले 'संवैधानिक राजतन्त्र' को वकालत गरेका छन्, त्यस्तो संवैधानिक राजासँग शासन गर्ने कुनै पनि अधिकार नहुने भएकाले त्यस्तो कथित 'संवैधानिक राजा' पुनःस्थापित गरेर देशमा कुनै परिवर्तन आउने छैन ।

५. नेताविनाको आन्दोलन : हरेक आन्दोलनका पछाडि एउटा संगठित शक्ति वा पार्टीको 'ब्याकअप' हुनैपर्छ । र, आन्दोलनमा एउटा 'करिस्म्याटिक' नेतृत्वको टिम पनि हुनैपर्छ । तबमात्रै आन्दोलनले राजनीतिक क्रान्तिको आकार लिन सक्छ । तर, अहिले आन्दोलन थालेका राजावादीहरुसँग सर्वस्वीकार्य नेता (राजा) छैन ।

राप्रपासँग पार्टी त छ, तर सडकमा च्याउजसरी उत्रेका राजावादीहरुले कमल थापालाई नै अवसरवादी भनिरहेका छन् । एकले अर्कोलाई स्वीकार्ने स्थिति छैन । हरेक प्रदर्शनमा छोटेराजाको बिगबिगी छ । राप्रपा वा कमल थापालाई किनारा लगाएर हामी आफैं राजतन्त्र फर्काउँछौं भनेजसरी नयाँ छोटेराजाहरु तात्तिएका छन् ।

राप्रपाले आफूलाई विस्तारै सेन्टरबाट दक्षिणपन्थतिर धकेलेर अहिलेको आन्दोलनलाई आगामी चुनावमा फल खाने माध्यम बनाउन खोजिरहेको देखिन्छ । यो अवस्थामा राजावादीहरुसँग नेतृत्वको चरम संकट देखिन्छ । सर्वस्वीकार्य एवं 'करिस्म्याटिक' नेतृत्वको खडेरीकै कारण राजावादीहरुको सडक आन्दोलन पानीको फोकोजस्तो उठ्दै फुट्दै गर्ने सम्भावना नै बढी देखिन्छ ।

ज्ञानेन्द्र र पारस लोकप्रिय नदेखिएकैले राजावादीहरुले हिमानी शाह वा अवोध हृदयेन्द्र शाहलाई भावी राजाका रुपमा देखाउनु परिरहेको छ, जुन आम जनतालाई परिवर्तनको आभाष गराउन सक्ने विकल्प होइन । सामाजिक सञ्जालमा कतिपयले भनिरहेको सुनिन्छ- अब हिमानीलाई राष्ट्र प्रमुख बनाउनुपर्छ, पारसलाई होइन, उनका छोरा हृदयेन्द्रलाई बनाउनुपर्छ ।

तर, सेना र सम्पूर्ण अधिकार आफ्नै हातमा रहेका पूर्वराजा ज्ञानेन्द्र वा दुईतिहाई जनताको समर्थन रहेका वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले समेत सम्हाल्न नसकेको देश अब अवोध किशोर हृदयेन्द्र शाहले कसरी सम्हाल्न सक्लान् ? कोमल हृदयकी हिमानी शाहले सम्हाल्दा कसरी सम्हालिएला ? के उनीहरुसँग देश चलाउने जादुको छडी छ ? नभए कसरी उनीहरुबाट देश सम्हालिन्छ ? यिनीहरुलाई वा ज्ञानेन्द्र शाहलाई 'संवैधानिक राजा' बनाउँदैमा देशले गति लिन्छ भनेर पत्याउने आधार के हो ? राजतन्त्रवादीहरुसँग यसको कुनै तर्कसंगत जवाफ छैन ।

राजतन्त्र त फर्काउने, तर कसलाई राजा बनाउने, किन बनाउने ? नेतृत्वसम्बन्धी यो प्रश्नमा राजावादीहरूभित्र एउटा ठूलो 'भ्याकुम' देखिन्छ ।

६. 'गाउँको सिंहदरबार' भत्काउन सजिलो छैन : नयाँ संविधान निर्माण भइसकेपछि स्थानीय, प्रदेश र संघको चुनाव भइसकेको छ । स्थानीय चुनावमार्फत कांग्रेस र नेकपालगायत गणतन्त्रवादी पार्टीको जरा गाउँगाउँमा फैलिएको छ । राजावादीहरु गत चुनावमा जनताबाट कटेको अवस्था छ । यो सामान्य अवस्था होइन । हिजो एकात्मक व्यवस्थामा जस्तो शहरको जुलुसले मात्रै अब 'गाउँको सिंहदरबार' लाई हल्लाउन सजिलो छैन ।

शहरमा गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता र समावेशिताको जति विरोध गर्न सजिलो छ, गाउँको अवस्था त्यति सजिलो छैन । जनताका छोराछोरी राष्ट्र प्रमख बन्न पाउने व्यवस्थाको विरोध गर्दै पारस शाहका पत्नीरछोरालाई राष्ट्रप्रमुख बनाउने आन्दोलन अबको पुस्ताका लागि हास्यास्पद लाग्न सक्छ ।

गत उपचुनावको परिणामलाई हेर्दा नेकपाले जितेको स्थानीय तहमा आगामी चुनावमा कांग्रेस आउने र कांग्रेसले जितेका ठाउँमा नेकपा आउने सम्भावना नै बढी देखिन्छ । राष्ट्रियरुपमा पनि नेकपामा देखिएको असन्तुष्टिलाई कांग्रेसले नै बढी 'क्यास' गर्ने सम्भावना देखिन्छ । यसका लागि कांग्रेस अघि सरिसकेको छ । सडक राजावादीहरुलाई कब्जा गर्न नदिन कांग्रेसले मंसिर २९ गते ७७ वटै जिल्लामा सरकारविरुद्ध प्रदर्शन गर्दैछ ।

नेपाली समाजको स्वाभाव भेडापथसँग मिल्दोजुल्दो देखिने गरेको छ । आफ्नो विवेकको प्रयोग गर्ने भन्दा पनि आँखा अगाडि जे देखिन्छ, त्यतै दौडने स्वभावका कारण नेपालको राजनीतिक जनमत अस्थिर रहने गरेको छ र हरेक चुनावमा जनमत 'स्विङ' हुने गरेको छ ।

राजावादीहरु अहिलेकै जस्तो विकेन्द्रितरविभाजित भएर अघि बढे भने उनीहरुको वास्तविक शक्ति स्थानीय चुनावमै जाँच हुनेछ, केन्द्रीय चुनावसम्म पुग्नै पर्दैन । किनभने, संघीय गणतन्त्रको जरा गाउँसम्म फैलिइसकेको छ र संस्थागत भएको छ ।

यो स्थितिमा अहिलेदेखि नै सडकमा जति जुलुस निकाले पनि आगामी स्थानीय चुनावले नै राजावादीहरु राष्ट्रिय पार्टी बन्नेरनबन्ने तस्वीर प्रष्ट गराइदिन सक्छ ।

नेपाल हो, इतिहास दोहोरिन सक्छ !नयाँ बानेश्वर चोकमा पैदलयात्रीका लागि जेब्राक्रसिङको राम्रो व्यवस्था छ । बिजुलीको पोलमा रातो-हरियो ट्राफिक लाइटको पनि प्रवन्ध छ । तैपनि, रातो बत्ती बलिरहेकै बेला एउटा मान्छे फुत्त सडकतर्फ लम्कन्छ । डिलमा उभिएका ५र७ जना उसको पछि लाग्छन् । क्रमशः डिलमा उभिएका सबै मानिसहरु पछि लाग्छन् । पोलमा रातो बत्ती बलिरहेकै हुन्छ । गाडीहरु गुडिरहेका हुन्छन् ।

ट्राफिक बत्ती हेरेर आफ्नो विवेकको प्रयोग गर्ने पर्याप्त सुविधा हुँदाहुँदै पनि कथित 'अगुवा' को पुच्छर समातेर भेडापथमा लम्किने यो प्रवृत्ति नयाँ बानेश्वरमा दिनहुँ देख्न पाइन्छ ।

बत्ती हेरेर बाटो काट्नुपर्ने मानिस आखिर किन अरुको पुच्छर समातेर हिँड्छ ? यो कुनै व्यक्तिगत प्रश्न मात्र होइन, यो त नेपाली समाजको मनोविज्ञानको दृष्टान्त हो ।

जाबो एउटा जेब्राक्रसिङमा त मानिसले आफ्नो स्वविवेकको प्रयोग गर्दैन र अरुको पछि-पछि दौडन्छ भने त्यो चेतनास्तरको मानिसले राजनीतिक रोजाइमा विवेकको प्रयोग गर्ला भनेर कसरी अनुमान गर्ने ? यो प्रश्न निकै नै जटिल छ ।

भेडाको स्वाभाव बडो विचित्रको हुन्छ । अगाडि हिँडेको भेडो भड्खालोमा खसे पनि पछाडिको भेडाले आफ्नो बुद्धि-विवेकको प्रयोग गर्दैन र ऊ पनि भड्खालोमै खस्छ । अझ त्योभन्दा पछाडिको भेडाले पनि त्यसै गर्छ । अरु जनावरहरु यसरी पुच्छरवादी हुँदैनन् । सचेत प्राणी भनिएको मानिसले त झनै यस्तोमा आफ्नो विवेकको प्रयोग गर्नुपर्ने हो ।

नेपाली समाजको स्वाभाव भेडापथसँग मिल्दोजुल्दो देखिने गरेको छ । आफ्नो विवेकको प्रयोग गर्ने भन्दा पनि आँखा अगाडि जे देखिन्छ, त्यतै दौडने स्वभावका कारण नेपालको राजनीतिक जनमत अस्थिर रहने गरेको छ र हरेक चुनावमा जनमत 'स्विङ' हुने गरेको छ ।

२०६२र०६३ को जनआन्दोलनका बेला राजतन्त्र हटाएर गणतन्त्र ल्याउन नेपाली जनताले नै सडकबाट माग गरेका थिए । त्यही जनआन्दोलनको दबावमा राजाले गद्दी छाडेका हुन् । गणतन्त्रको नारा बोकेका दललाई जनताले जिताए । राजतन्त्रवादी राप्रपाले देशैभरि पराजय व्यहोर्‍यो ।

पहिलो संविधानसभामा गणतन्त्र, संघीयता, समावेशिता र धर्म निरपेक्षताको पक्षधर माओवादीले ठूलो दलका रुपमा मत पायो । तर, अब यिनै जनताले अहिले फेरि 'राजा आऊ देश बचाऊ' भन्नु भनेको नेपाली जनमत कति अस्थिर छ भन्ने उदाहरण हो ।

हाम्रो समाजमा त्यस्ता मानिसहरु प्रशस्तै देखिन्छन्, जो हावाकै भरमा राजनीतिका अनौठा विकल्पहरु सुझाइरहेका छन् । धेरैवटा राजाहरु भए, एउटा राजा चाहियो भन्नेजस्ता तर्क गरिरहेका छन् । ओली सरकारले जन अपेक्षा अनुसार काम नगर्दा सिंगै व्यवस्थाकै विरोध गरिरहेका छन् । यो सरकारले काम नगरे अर्को सरकार आउन सक्छ भन्ने उनीहरु ठान्दैनन् र व्यवस्थाकै विकल्प खोज्छन् । ज्ञानेन्द्र वा पारसले अब चुनाव लडेर शासन गर्न पाउने संविधानले बाटो दिएको बिर्सेर मानिसहरु संविधानै च्यात्ने कुरो गर्छन् ।

अब नेपालमा राजतन्त्र फर्केलारनफर्केला भनेर बहस गर्नुपूर्व 'पारस शाहका श्रीमती र छोरा आऊ देश बचाउ' भनिरहेको नेपाली समाजको चेतनास्तरमाथि नै एकपटक मनोसामाजिक बहस र परामर्शको खाँचो देखिन्छ । त्यसपछि बल्ल अन्यान्य विषयमा बहस गर्नु सान्दर्भिक होला ।

सात दशक लामो संघर्षपछि बनेको नेपालको संविधान राजनीतिक यात्राको ट्राफिक लाइट हो । तर, हामीमाथि मूर्धन्य प्रश्न तेर्सिएको छ- ट्राफिक लाइट हेरेर बाटो काट्ने कि कसैको पुच्छर हेर्दै हिँड्ने ?

नेपाली समाजको चेतनास्तर यसैगरी हावामै तैरिइरहने हो भनेचाहिँ राजतन्त्र फर्केर पारस शाह राजा नहोलान् भन्न सकिँदैन ! तर, त्यसपछि के हुन्छ ? हिजो ज्ञानेन्द्र शाह र कमल थापाहरुले सत्ता चलाउँदा किन टिकेन ? इतिहासले शिक्षा दिइसकेको छ ।

तथापि, नेपाल हो, इतिहास दोहोरिन सक्छ : हिजोजस्तो त्रासदीका रुपमा होइन, प्रहसनका रुपमा ।

नेपालको इतिहास 'राजनीतिक प्रदूषण'को दुश्चक्रका रुपमा बेलाबखत दोहोरिँदै आएको छ ।

अनलाईन खबरबाट




## अबैध कच्छलीका समानहरु वेवारीसे अवस्थामा प्रहरीद्धारा बरामद



विराटनगर । भारतबाट भन्सार छली गरी अबैद्ध रुपमा नेपाल भित्रियाएको करीब एकलाख बराबरको लत्ताकपडा र घरायसी सामग्री प्रहरीले बरामद गरेको छ ।

मोरङ विराटनगर महानगर पालिका वडा नं. १६ दरैया नहर नजिक हाईवे सडक खण्डको सडक किनारामा भारतको जोगवनीबाट नेपालतर्फ अवैध रूपमा भन्सार छली चोरी पैठारी गरी लत्ताकपडा तथा घरायसी सामाग्री बरामद गरेको हो ।

बरामद भएको सामग्रीहरुमा लेडिज सुईटर ६ पिस, जेन्स ज्याकेट २१ पिस, बच्चाको ज्याकेट ८ पिस, लेडिज कुर्ता १ पिस, पाईन्टको कपडा २ बण्डल, ग्याँस चुलामा प्रयोग हुने सामान, रेगुलेटर २ प्याकेट, ग्याँस पाईप १ रोल, ग्यास चुलामा प्रयोग हुने हिट २ पिस, मिक्सचर २ वटा, कुकरको सिट्टी ८ पिस, पिलास ४७ पिस, ग्याँस सकेट ४ पिस, केराउ ६० केजी, सुपारी ८ केजी रहेको थियो ।

सो बरामद सामग्रीको अन्दाजी अन्दाजी मूल्य ९५ हजार २ सय ५० रूपैया बराबरको सामानहरू वेवारिसे अवस्थामा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बझाएको छ ।

कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

३. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

३. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १